कार्यपालिका बैठक निर्णय प्रमाणित

**बैठक संख्याः ३७/०८०-८१, मिति २०८०/१०/१६ गतेको कार्यपालिका बैठकका निर्णयहरुः**

**निर्णय नं. १:** गुर्भाकोट नगरपालिका नगर प्रहरी विधेयक २०८० बैठकमा वृहत छलफल भई स्वीकृतका लागि १४ औ नगरसभा बैठकमा पेश गर्ने ।

**निर्णय नं. २:** प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदको मिति २०७९/०९/११ गतेको पत्रानुसार मिति २०७९/०६/०२ गते बसेको १९२ औ परिषदको बैठकले गुर्भाकोट नगरपालिकामा आंगिक शिक्षालय स्थापना गर्ने निर्णय भएअनुसार यस नगरपालिकाको समन्वयमा शिक्षालय संचालनका लागि आवश्यक पर्ने जग्गा जमिन तथा भौतिक पूर्वाधारकोलागि अध्ययन अवलोकन गर्दा यस नगरपालिका वडा नं. १३ स्थित आनन्द माध्यामिक विद्यालय गुमीको परिसरमा उपयुक्त देखिएकोले विद्यालयको नाममा रहेको दर्ता जग्गा साविक गुमी ५च कित्ता नं. ५४ को १-२-५ क्षेत्रफल मध्ये पश्चिम दक्षिण तर्फबाट ०-१७-५ र गुमी ५ च कित्ता नं. ५५ को ०-१२-१५ पुरै गरी १-१०-० क्षेत्रफल जग्गा र सो जग्गामा रहेका भौतिक संरचना भवनहरु विद्यालय व्यवस्थापन समितिको निर्णय तथा सिफारिसका आधारमा आंगिक शिक्षालय संचालनका लागि प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदलाई भोगाधिकारकोलागि र भविष्यमा अन्य आवश्यक संरचना निर्माणकोलागि उपलब्ध गराउने गरी सो को स्वीकृतीका लागि नेपाल सरकार शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालयमा अनुरोध गर्ने ।

**निर्णय नं. ३:** यस नगरपालिका वडा नं. २ चिसापानी स्थित लोकेन्द्र वलीको नाममा रहेको चिसापानी कृषि तथा पशुपंछी फर्ममा मिति २०८०।०९।२१ गते आगलागि भई क्षेति भइ राहतको लागि माग भएकोले राहत स्वरुप रु.३५०००।- विपद व्यवस्थापन शिर्षकबाट उपलब्ध गराउने ।

**निर्णय नं. ४:** यस नगरपालिका वडा नं. १२ स्थित शुभाघाट गंगामाला देउती बज्यै मन्दिरको DPR (विस्तृत आयोजना प्रतिवेदन) बैठकमा प्रस्तुत भई उठान भएका विषय वस्तुलाई समेटी स्वीकृत गर्ने साथै सोही DPR बमोजिम निर्माण कार्य अगाडी बढाउन शुभाघाट गंगामाला देउती बज्यै मन्दिर व्यवस्थापन समितिलाई निर्देशन दिने ।

**निर्णय नं. ५:** नगर खेलकुद विकास समितिको मिति २०८०।१०।१४ गतेको मेयर कप संचालन सम्बन्धी निर्णय स्वीकृत प्रदान गर्ने ।

**निर्णय नं. ६:** China South East University को प्राविधिक सहयोग तथा UN South South cooperation को आर्थिक सहयोगमा गुर्भाकोट नगरपालिकामा Small Scale Agro Park निर्माण गर्ने सम्बन्धी छलफल चलिरहेको सन्दर्भमा यस क्षेत्रमा कृषि क्षेत्रको विकासको सम्भाव्य sector पहिचान तथा Project development proposal तयारीको लागि विज्ञ सेवा परामर्श सहयोगको लागि कर्णाली प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई अनुरोध गर्ने ।

**निर्णय नं. ७** इलाका प्रशासन कार्यालय मेहेलकुना, सुर्खेतको च.नं. ९८० मिति २०८०।०९।२९ गतेको पत्रानुसार कार्यालयको भवन निर्माण गर्न जग्गा प्रासिको लागि आवश्यक सहजिकरण गरिदिनु भनि पत्राचार भएकोमो गोकलपुर क्षेत्रभित्र हाल संचालन भइरहेको कार्यालयको २०० मिटर भित्र कम्तिमा ८ मिटर सडक र सडकपेटी बाहेक ४ रोपनी दर्ता जग्गा निशुल्क प्रासिको लागि आवश्यक प्रकृया अगाडी बढाउने ।

**निर्णय नं. ८:** नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, व्यापार तथा निकासी प्रवद्धन केन्द्र पुलचोक, ललितपुरको मिति २०८०।१०।११ गतेको प्रकाशित सूचनानुसार कर्णाली प्रदेशमा हाते कागजको गुणस्तरीय उत्पादन विकासका लागि सामुहिक सुविधा सम्पन्न केन्द्र (common facility center) स्थापना गर्नको लागि प्रस्ताव पेश गर्न भनि आहान गरेको हुँदा उक्त सामुहिक सुविधा सम्पन्न केन्द्र स्थापनाको लागि वडा नं. ७ मा रहेको कालिका चौर र चौरमा भएको सामुदायिक भवन उपयोग गर्न सहमति दिने ।